नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
टेकु, काठमाडौं

## कन्सल्टेण्ट साईक्याट्रिष्ट,वरिष्ट कन्सलटेन्ट साईक्याट्रिष्ट

(नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५को नियम ९बमोजिम)

| कार्य विवरण | |
|---|---|
| १.पदः कन्सल्टेण्ट साईक्याट्रिष्ट वरिष्ट कन्सलटेन्ट साईक्याट्रिष्ट<br>२.सेवाः स्वास्थ्य<br>३.समूहः साईक्याट्रिष्ट<br>४.तहः नवौं/दशौं<br>५.तलब (मासिक): नेपाल सरकारले तोके वमोजिम<br>६. काम गर्ने समयः नेपाल सरकारले तोके वमोजिम<br>७.कर्मचारीको नामः<br>८. कर्मचारीको संकेत नम्वरः<br>९. सुपरिवेक्षण गर्नुपर्नेः विभिन्न विभागमा कार्यरत चिकित्सकहरु, नर्सहरु, साईक्याट्रिष्ट र अन्य आफ्नो मातहतका कर्मचारीहरुको प्रत्यक्ष सुपरिवेक्षण गर्ने । | १०. १०. कार्यालयको ठेगानाः.......................प्रदेश, ......................जिल्ला,............... स्थान, ............................ स्वास्थ्य तथा जनसंख्या मन्त्रालय/विभाग/ अस्पताल ................<br>...........शाखा.......... फाँट<br>१२.आवश्यक योग्यताः सम्बन्धित ऐन तथा नियमावलीमा उल्लेख भए वमोजिम।<br>१३.उत्तरदायित्वः प्रमुख कन्सल्टेण्ट साईक्याट्रिष्ट, अस्पताल प्रमुख |

**सम्पादन गर्नुपर्ने काम, कर्तव्य, तथा उत्तरदायित्व**

नेपाल स्वास्थ्य सेवा ऐन तथा नियमावलीको अधिनमा रहि नेपाल मेडिकल काउन्सिलले तयार गरेको पेशागत आचारसंहिता (कोड अफ इथिक्स) पालना गर्दै नियमानुसार कार्य गर्ने/गराउने ।

**योजना र कार्यक्रम सम्बन्धि**

अस्पताल र अस्पताल विकास समिति वा कार्यालय मातहतका कर्मचारीहरु संगको सहयोग तथा समन्वयमा राष्ट्रिय स्वास्थ्य निती र निर्देशिकाहरु तथा राष्ट्रिय मानसिक स्वास्थ्य नितीका आधारमा मानसिक स्वास्थ्य विकास योजनाको प्रारुप तयार पार्न भुमिका खेल्ने ।

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
टेकु, काठमाडौं

- मानसिक स्वास्थ्य सम्बन्धित उपचारात्मक, प्रतिरोधात्मक, पुर्नस्थापनात्मक तथा प्रबद्र्धनात्मक सेवाहरुको कार्य योजना तयार पार्ने र कार्यान्वयन गर्ने ।
- मानसिक स्वास्थ्य सेवाको सुपरिवेक्षण तथा अनुगमनमा कार्यालय प्रमुख वा प्रमुख कन्सलटेन्ट साईकियाट्रिष्टलाई सहयोग गर्ने ।
- लागु पदार्थ दुव्र्यसनी तथा यस संग सम्बन्धित मानसिक समस्याको उपचार तथा रोकथामको कार्यक्रम तर्जुमा गर्ने, सञ्चालन गर्ने र सो सम्बन्धि निती नियम निर्माणमा भूमिका खेल्ने ।
- आफु मातहतका कर्मचारीहरुको व्यवस्थापन खटन पटन, निगरानी तथा सुपरिवेक्षण सम्बन्धि कार्य गर्ने । मानसिक रोगको बहिरंग तथा अन्तरंग सहितको उपचारात्मक तथा प्रतिरोधनात्मक सेवा सञ्चालन गर्ने र मानसिक स्वास्थ्य सेवाको प्रबद्र्धनात्मक कार्यक्रमहरु समेत सञ्चालन गर्ने ।
- मानसिक स्वास्थ्य सेवामा प्रयोग हुने औषधि उपकरणहरुको प्राप्ती, समुचीत प्रयोग र मर्मत सम्भार सम्बन्धि कार्यमा सम्बन्धित निकायलाई सल्लाह, सुझाव प्रदान गर्ने तथा ध्यानाकर्षण गराउने ।
- मातहतका स्वास्थ्य सेवा कार्यक्रमहरुको प्रत्यक्ष निगरानी र सुपरिवेक्षण गर्ने र आवश्यक निर्देशन दिने ।
- आफ्नो सेवा क्षेत्र भित्र वा आवश्यकता अनुसार बाहिर समेत मानसिक स्वास्थ्य समस्याको इपिडेमिक देखिएको खण्डमा सो को उपचार तथा नियन्त्रणका लागि आवश्यक कदम चाल्ने ।
- कार्यालय प्रमुख वा प्रमुख कन्सल्टेण्ट साईकियाट्रिष्टवाट प्रत्यायोजित अधिकारको अधिनमा रहि मानसिक स्वास्थ्य सम्बन्धि कार्यक्रम सञ्चालन गर्ने ।

संगठन सम्बन्धि

- आफु कार्यरत संस्था र अस्पताल र कार्यालयले प्रदान गर्ने मानसिक स्वास्थ्य सेवाका लक्षहरु प्राप्तीका लागि प्राटोकल तयार गर्ने कार्यमा भुमिका खेल्ने र सो को आधारमा सेवा प्रदान गर्ने ।
- समयानुकुल रुपमा मानसिक स्वास्थ्य सेवा प्रदायक संस्था तथा सेवाहरुको स्तरोन्नतीका लागि तालुक निकायवाट गरिने कार्यहरुमा आवश्यक सुझाव एवं सिफारिसका लागि प्रमुख कन्सल्टेण्ट साईकियाट्रिष्टलाई सहयोग गर्ने ।
- कार्यरत संस्थावाट प्रदान गरिने मानसिक स्वास्थ्य सेवा सम्बन्धि कार्यविधि तयार गर्ने तथा सो को कार्यान्वयन गर्ने ।

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
टेकु, काठमाडौं

**कर्मचारी सम्बन्धि व्यवस्था**

- कार्यरत संस्थामा संस्था प्रमुखको निर्देशन तथा कर्मचारी प्रशासन फाँटको सहयोगमा आफ्नो कार्य क्षेत्र भित्र पर्ने मानसिक स्वास्थ्य समस्याहरुको उपचार तथा नियन्त्रणका लागि आफु मातहतका कर्मचारीहरु परिचालन गर्ने ।

**निर्देशन र नियन्त्रण सम्बन्धि**

- आफ्नो कार्य क्षेत्रमा सञ्चालन हुने मानसिक स्वास्थ्य सेवा कार्यक्रम वारे मातहतका सम्बन्धित कर्मचारीहरुलाई आवश्यक निर्देशन दिने ।
- मातहतका कर्मचारीहरुवाट सम्पादन भएका कार्यक्रमहरुको अनुगमन तथा सुपरिवेक्षण गर्ने र प्राप्त पृष्ठपोषणको आधारमा सुधारको लागि निर्देशन दिने ।

**सूचना संकलन र विश्लेषण तथा सो को कार्यान्वयन सम्बन्धि**

- आफ्नो संस्थावाट प्रदान गर्ने मानसिक स्वास्थ्य सेवाको नियमीत रुपमा सूचना प्रवाह भएको सुनिश्चत गर्ने ।
- प्राप्त सुचनाहरुको विश्लेषणको आधारमा समस्याहरुको पूर्वानुमान तथा व्यवस्थापनको योजना तर्जुमा भूमिका खोल्ने ।

**समन्वय र संचार**

- मानसिक स्वास्थ्यको क्षेत्रमा कार्य गर्ने संघ संस्था, दातृ निकाय लगायतका अन्य निकायहरु संग समन्वय गरी श्रोतको समुचित प्रयोगमा बृद्धि गर्ने ।
- आवश्यक जनसहभागिता जुटाई सामुदायिक मानसिक स्वास्थ्य कार्यक्रमहरु सञ्चालन गर्ने ।
- बजेट तर्जुमा तथा लेखा सम्बन्धि
- कार्यालय प्रमुख वा प्रमुख कन्सल्टेण्ट साईकियाट्रिष्ट वाट प्रत्यायोजित अधिकार भित्र रहि मानसिक स्वास्थ्य सेवाका लागि बजेट तर्जुमा गर्ने, निकासा लिने, खर्च गर्ने र लेखा अध्यावधिक गर्ने कार्यमा आर्थिक प्रशासन शाखालाई सहयोग गर्ने ।

**शैक्षिक कार्यक्रम, तालिम तथा अनुसन्धान सम्बन्धि**

- मानसिक स्वास्थ्य क्षेत्रमा शैक्षिक कार्यक्रमहरुको विकास तथा सञ्चालनमा भुमिका निर्वाह गर्ने ।

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
टेकु, काठमाडौं

- आफु कार्यरत संस्था वा सेवा क्षेत्रको दायरा भित्र मानसिक स्वास्थ्य संग सम्बन्धि तालिम तथा अनुसन्धान मुलक कार्यक्रमहरु सञ्चालन गर्ने ।

फोरेन्सीक मानसिक स्वास्थ्य तथा कानूनी परामर्श सम्बन्धि

- फोरेन्सीक मानसिक स्वास्थ्य संग सम्बन्धित विषयहरुमा न्यायलय तथा सम्बन्धित निकायहरुलाई परामर्श सेवा प्रदान गर्ने ।
- सम्बन्धित निकायको अनुरोधमा मेडिकोलिगल विरामी र व्यक्तिहरुको मानसिक स्वास्थ्य परिक्षण गर्ने तथा सम्बन्धित निकायलाई राय सल्लाह प्रदान गर्ने ।

विविध

- नेपाल सरकारको आवश्यकता अनुसार सरकारले तोकिएका समयानुसारका अन्य जिम्मेवारीहरु बहन गर्ने ।